Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

सुचना ! सुचना ! सुचना !

सड्क क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन वमोजिम कारहवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

कटहरी गाउँपालिकाको कार्यालय मोरंग

❑ वर्ष ८ ❑ अंक २६ २०७६ माघ १२ गते आईतवार Sunday 26, JAN, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## एकिकृत जाँच चौकीको समुद्घाटन
## नेपालको प्रम अग्रेजी भाषण भारतको प्रम हिन्दी भाषण

विराटनगर । प्रदेश नं. १ राजधानी विराटनगर बजार देखि १० किलो मिटर दक्षिण विराटनगर महानगर पालिका वडा नं. १८ भेडियारीमा निर्माण भएको एकीकृत जाँच चौकीको नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधान मन्त्री नरेन्द्र मोदीले अनलाईनवाट स्वीच थिचेर उद्घाटन गरेका छन् ।

सो उद्घाटन समारोहलाई नेपालका प्रधान मन्त्री केपी शर्मा ओलीले काठमाण्डौ स्थित कन्ट्रोल रुमवाट र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो कार्यालयलवाट माघ ८ गते बुधवारका दिन संयुक्त रुपमा उद्घाटन गर्दै नेपालका प्रधानमन्त्रीले अग्रेजीमा सम्वोधन गरेका थिए भने भारतका प्रधानमन्त्री मोदीले हिन्दीमा नेपाली मिसाउदै सम्वोधन गरेका थिए ।




विराटनगरको भेडियारीमा एकिकृत जाँच चौकीको उद्घाटन समारोहका अतिथीहरु ।

नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नै भूमि नेपालमा अग्रेजीमा सम्वोधन आम नेपाली जनतालाई खल्लो लागेका थियो भने भारतीय प्रधानमन्त्रीले नेपाल मिसाउंदै हिन्दीमा सम्वोधन गर्दा नेपाली जनताले तालीले स्वागत गरेका थिए ।

सो उद्घाटन समारोहलाई सम्वोधन गर्दै नेपालका प्रम ओलीले भने एकिकृत जाँच चौकी निर्माण गरी हस्तान्तरण गरेकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दै नेपाल भ्रमणमा आउन भारतीय प्रधान मन्त्रीलाई दिनु भएको थियो ।

त्यसका प्रतिउत्तरमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सो समारोहलाई सम्वोधन गर्दै नेपाल भारतको एक असल छिमेकी भएको वताउँदै नेपालमा भारतले जहिले

वांकी अन्तिम पेजमा...

## अज्ञात समूहद्धारा स्काइभेटरमा आगजनी

विराटनगर । जिल्ला मोरङ मिक्लाजुङ गाउँ पालिका वडा.न १ बासबिटे भन्ने स्थानमा सडक निर्माणको लागी राखिएको को १ क ३०३० स्काई भेटर, क्याट ३२० लेखिएको स्काई भेटर र लिङकङ ९२२ स्काई भेटरमा अज्ञात समुहले आगजानी गरेको छ ।

आगो लगाई दिएको भन्ने खवर प्राप्त हुना साथ ईप्रका उर्लाबारी प्रनिको कमाण्डमा टोली खटिई गएको । उक्त जलाईएका स्काईभेटरको अं मुल्य तिन करोड नब्बे लाख रहेको प्रारम्भीक अनुमान गरिएको छ ।

साथै उक्त स्थानमा संयुक्त प्रहरी टोली पुगी बुझ्दा उल्लेखित स्थानमा राखिएको निम्न ३ ओटा स्काईभेटर अज्ञात समुहले आगजनी गरी पुर्ण रूपमा क्षेति बनाएको साथै उक्त स्थानबाट नजिक २५ मिटर पश्चिम बाटोको साईडमा पलाष्टिकले बेरिएको र तार जडान गरिएको संकास्पद वस्तु देखा परेको साथै उक्त स्थानलाई सुरक्षित राखिएको, डिस्पोज गर्नको लागी सुर्य दल गण थलाहा मोरङबाट सेनानिको कमाण्डमा बम डिस्पोजल टोली खटि उक्त बस्तु डिस्पोज गरी हेर्दा सिल्भरको भाडामा भित्र १ के जि. जिलेटिन र २ वटा कर्मसियल डेटोनेटर तार फेला परेको अन्य केही बस्तुहरु क्षति भएको प्रहरीले जानकारी गराउदै अज्ञात समूहको खोजी भई रहेको प्रहरीले जनाएको छ ।

त्यसैगरी जिल्ला मोरङ लेटाङ नगरपालिका वडा नं. ५ खेरुवाका दिपक खतिवडाको घर अगाडि बाटोको साईडमा हाफ ईन्च मोटाई, ५ ईन्च लम्बाई भएको तिन थान

वांकी अन्तिम पेजमा...

## नेपाली भूमि अतिक्रमणको विषयमा बहस र छलफल आवश्यक

विराटनगर । नेपाली काँग्रेसका केन्द्रिय सदस्य सुजाता कोईरालाले विभिन्न ठाउंमा भई रहेको नेपाली भूमिका अतिक्रमण वारेमा बहस आवश्यक भएको वताएकी छिन् ।

कोईराला निवासमा पत्रकार सम्मेलन गरी कोईरालाले नेपाल सरकार र प्रतिपक्षिदलहरु समेत सिमा विवादका विषयमा नवोलेको आरोप लगाउँदै उनले सरकार र दलहरुको स्पष्ट धारणा सार्वजनिक गर्न माग गरेकी छिन्

नेपाली भूमी कालापानी,लिपुलेक र लिप्पियाधुरा भारतले प्रयोग गर्ने भए त्यसको सट्टा, पट्टामा भारतले मेचीदेखि बंगलादेश जोडिने समुद्रसम्मको भाग दिन, लिन सकिने तर्क गरिन । यसवाट ब्यापार सहित आन्तरिक समृद्धी आउने बताइन । सिमा अतिक्रमणका विषयमा कोही पनि नबोल्ने तर आफुले देशकै हितमा बोल्दा विवादास्पद टिप्पणी भएकोमा आश्चर्य ब्यक्त गरिन् ।

एमसीसीका विषयमा पनि सरकार र दलहरुले जनताको भावना जितेर पास गर्नु पर्ने नेतृ कोइरालाले बताइन । विवादास्पद विषय र बुद्धाहरुलाई परिमार्जन गरेर एमसीसी पास गर्न पर्ने उनले बताइन् । कांग्रेस भित्रको आन्तरिक कलह समाप्त नभए पार्टीको अस्थित्व खतरामा पर्ने भएकाले कार्यकर्ताहरुले खवरदारी गर्न आवश्यक रहेको उनले बताइन् ।

नेतृ कोइरालाले पार्टी बलियो बनाउने गरी भूमिका निर्वाह गर्न सभापति शेरबहादुर देउवालाई समेत आग्रह गर्दै नेपाली भुमि अतिक्रमणका विषयमा बहस आवश्यक भएको र त्यसका लागि दुई देशवीच संम्वादको आवश्यकता रहेको औल्याइन् । सो पत्रकार सम्मेलन प्रेस युनियन मोरङको अध्यक्ष कुमार लुईटेको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## प्रदेश नं.१ मा नेकपाका तीनै जना उम्मेदवार विजय

विराटनगर । राष्टि्रयसभा सदस्यको लागि माघ ९ गते प्रदेश नं. १ को राजधानी विराटनगरको विरेन्द्र सभागृहमा भएको निर्वाचनमा प्रदेश नं. १ मा तीनै जना नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवारहरु विजयी भएका छन् ।

राष्ट्रिय सभाका लागि नेकपावाट अन्य तर्फका उम्मेदवार देवेन्द्र दहाल विजय भएको छ । उनले ६ हजार २ सय ३४ मत भार प्राप्त गरी विजय भएको छ भने प्रतिद्धन्धी नेपाली कांग्रेसका उम्मेदवार राजेन्द्र घिमिरेले २ हजार ७ सय ६६ मत भार प्राप्त गरेका थिए । त्यसैगरी समाजवादी पार्टीका उम्मेदवार भरतराज दाहालले २ सय ६४ मतभार प्राप्त गरेका थिए ।



गोपी बहादुर सार्की (अछामी) देवेन्द्र दहाल इन्द्रिरादेवी गौतम

त्यसैगरी महिला तर्फ नकपाकै इन्दिरादेवी गौतम विजय भएको छ । नेकपाकी गौतमले ६ हजार ४ सय २६ मतभार प्राप्त गरिन । कांग्रेसकी मिना पुलामी मगरले २ हजार ६ सय २२ मतभार प्राप्त गर्दा समाजवादी पार्टीकी कमला बडाहीले २ सय ६४ मतभार प्राप्त गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

दलित तर्फ नकपाका उम्मेदवार गोपी बहादुर सार्की (अछामी) विजय प्राप्त गरेको छ । आछामीले ६ हजार ३ सय ३० मतभार पाए । कांग्रेसका निरबहादुर विश्वकर्माले २ हजार ७ सय १८ र समाजवादी पार्टीका ज्ञानकुमार परियारले २ सय ६४ मतभार प्राप्त गरे । निर्वाचनमा प्रदेशसभा सदस्य नेकपाकी गुलेफुन मिया अनुपस्थित थिइन ।

वांकी अन्तिम पेजमा...




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX
Maximum care for life
INTERNATIONAL HOSPITAL
&
TRAUMA CENTER (P.) Ltd.

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## छाउपडी...

उनीहरुलाई आत्मनिर्णय गर्न सक्षम बनाएर सम्भव हुन्छ ।

समस्याको जड छाउगोठ होइन, न कुनै सामाजिक परम्परा वा पितृसत्ता हो । समस्याको जड त वर्षौंदेखि राज्य संयन्त्रको उपेक्षाले बनेको अशिक्षा, अज्ञानता र अभावको खाडल हो । जब शिक्षाको पहुँच बढ्छ, ज्ञानको दायरा फैलिन्छ र अभावबाट मुक्ति मिल्छ, मान्छे आत्मनिर्णय गर्न सक्षम हुन्छ । आफूलाई गलत, अमर्यादित वा जोखिमपूर्ण लाग्ने रिति आफैं परिवर्तन गर्न सक्षम हुन्छ । अनि बल्ल वास्तविक परिवर्तन सुरू हुन्छ । ( लेखक चौलागाईं कर्णाली प्रदेश, जुम्ला जिल्ला, तातोपानी गाउँपालिका, लाम्रा गाउँका बासिन्दा हुन् ।)

## बसन्त...

साहित्य, कलाका साधकहरूका लागि वसन्त राग साधनाको श्रोत नै हो । कला, गला र विद्याका पारखीहरूका लागि सरस्वती साधना गर्ने प्रमुख दिन श्रीपञ्चमी, सरस्वती पूजा वा वसन्तपञ्चमीलाई मानिन्छ ।

## एकिकृत...

पनि विकास र शान्ति चाहेको वताउँदै भ्रमण वर्षमा नेपाल आउन तिव्र इच्छा भएको वताएका थिए । प्रधानमन्त्री मोदीले सन् २०२० मा नेपाल भ्रमणको कार्यक्रम बनाउन लागेको र सो बेला नेपाली नागरिकसँगको भेटघाटको लागि इच्छुक रहेको बताउनु भएको थियो । प्रधानमन्त्री मोदीले २०२० को दशक नेपाल भारत सम्बन्धको स्वर्णीम दशक हुने विश्वास समेत व्यक्त गर्नु भएको थियो । त्यसैगरी भारतीय प्रधानमन्त्री मोदीले नेपाली समकक्षी ओलीलाई राम्रो स्वास्थ्य र सफलताका लागि शुभकामना पनि दिनुभएका थिए ।

आईपीसी उद्घाटन कार्यक्रमका प्रमुख अतिथी उद्योग राजमन्त्री मोती दुगडले हिन्दीले भने नेपाल र भारतको सम्वान्ध सदियौ देखी असल छिमेकीको रुपमा रहेको नेपाल भारत एकै भएको टिप्पणी गरेका थिए । नेपालको औद्योगिक क्षेत्रको धरै जसो कच्चा पदार्थहरु भारतवाट आएकोले यसको सहजतामा ध्यान दिन आग्रह गरेका थिए । दुगडले अधिकतर समय हिन्दीमै भाषण गरेका थए ।

सोही अवसरमा संघिय सांसद शिवकुमार मण्डलले एकिकृछ जाँच चौकी निर्माण भएकोमा नेपाल र भारतको व्यपार अझ उच्च गतीमा चल्ने नेपाल र भारतको सम्वन्ध अझ प्रगाढ हुने वताउँदै आईपीसी निर्माणका वेला भएको ११ बुद्धे सम्झौता अनुसार नेपाल तर्फ काम हुनवांकी रहेको गुनासो गर्दै नेपाली भूमि अधिकरणवाट वेघरभएका परिवारलाई वरोजगारी समेत दिने अश्वासन दिएकोमा ती वेघरका परिवार मध्ये एक जनालाई रोजगारी दिन आग्रह गरेका थिए ।

संयुक्त जाँच चौकी निर्माणकालागि नेपाल र भारत सरकारको सन् २००५ मै सम्झौता भएको थियो । नेपाल भारत दुबैतर्फ भारतले सन् २०१४ सम्ममा आइसिपी संचालनमा ल्याउने सम्झौता भएको थियो । नेपालतर्फ आवश्यक भौतिक संरचना निर्माणको कार्य अपुरे रहदा भारतले जोगबनीमा निर्माण गरेको जाँच चौकी सन् २०१७ देखी नै औपचारिक रुपमा संचालनमा आइसकेको थियो ।

## प्रदेश नं. १...

नेकपाकाबाट विजयी स्थानीय तहका एक प्रमुख निर्वाचनमा मत हाल्न आएनन् । निर्वाचनको लागि प्रदेशसभा सदस्यको मतभार ४८ र स्थानीय तहका प्रतिनिधिको मतभार १८ रहेको थियो ।

प्रदेश १ मा प्रदेशसभा सदस्यतर्फ ९३ र स्थानीय तहतर्फ अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख, उपप्रमुख २७४ गरी कुल ३६७ जना मतदाता थिए । प्रदेश र स्थानीय गरेर कुल मतभार भने ९ हजार ३ सय ९६ रहेको छ । अछामी पूर्व खेलकुद राज्यमन्त्री हुन् ।

नेकपाका मोरङ जिल्ला कमिटीका सह-इन्चार्ज पनि हुन । गौतम प्रधानमन्त्रीका परराष्ट्र ममिला सल्लाहकार डा.राजन भट्टराईकी सासू हुन् । दाहाल तत्कालीन एमालेको झापा जिल्ला सचिव हुन । उनी नेकपाका केन्द्रीय सदस्य पनि हुन ।

## अज्ञात...

पाईप प्लस माईनस तार जडान भएको शंकास्पद बस्तु फेला परेको भनि ईप्रका लेटाङमा जानकारी प्राप्त हुन साथ ईप्रका लेटाङबाट प्रनिको टोली खटिई गई घट्ना स्थल शुरक्षित राखी आर्मीको पुर्वी पृतना तालिम शिक्षालय लेटाङलाई खबर खबर गरेको थियो ।

# रोग निको भएपछि तारादेवी हर्षित



बिराटनगर । झापाको शिवसताक्षी नगरपालिका-३ पाराबारीकी तारादेवी कुँवर २० बर्ष अघिदेखि दिसाघर बाहिर निस्किने समस्याबाट पीडित थिईन् । उपचारका लागि पूर्वका धेरै अस्पताल धाएकी ५१ बर्षीया कुँवरले आयुर्वेदिक औषधि र जडिबुटीसमेत पटक-पटक खाईन् । निको भएन । समस्या झन-झन बढ्दै जाँदा दिनरात पीडा झेल्न बाध्य थिईन् ।

तर, अहिले नोबेल शिक्षण अस्पतालमा शल्यक्रिया पश्चात रोग निको भएपछि बर्षौंदेखिको पीडाबाट मुक्ति पाएको भन्दै उनले खुशी व्यक्त गरेकी छन् । 'उपचारका लागि धेरै तिर गए, समस्या ज्यूँका त्यूँ रह्यो । नोबेलमा अप्रेशनपछि निको हुँदा धेरै सहज भएको छ' उनले भनिन् । दिसा गर्दा वा बल प्रयोग गर्ने काम गर्दा दिसाघर पल्टिएर मलद्वारबाट बाहिर निस्कन्थ्यो । समस्या बढ्दै गएपछि टुकुक्क बस्दासमेत दिसाघर निस्किएर जलनको जस्तो पीडा हुँने गरेको उनले सुनाईन् ।

समस्या बढ्दै गएपछि उपचारका लागि उनीहरु पूर्वका बिभिन्न अस्पताल पुगे । तर, डाक्टरले समस्याको सहि पहिचान गर्न नसक्दा बर्षौंदेखि रोग पालेर बस्नु परेको तारादेवीका श्रीमान पदमबहादुरले गुनासो गरे । 'डाक्टरले रोग पत्तो लगाउँन नसक्दा धेरैतिर भौतारिनु पर्‍यो ।' उनले भने 'अन्तिममा नोबेलमा रोग पहिचान भएर अप्रेशन गरेपछि ठिक भयो ।'

बिरामीलाई दिसाघर निस्किने समस्या भएतापनि अन्य अस्पतालमा पायल्सको शंका गरेर उपचार गरिएकाले निको नभएको नोबेल अस्पतालका शल्यचिकित्सक डा.रोहित प्रसाद यादवले बताए । उनका अनुसार अहिले ल्याप्रोस्कोपिक बिधिबाट पेटमा प्वाल परी दिसाघर पल्टिने समस्याको शल्यक्रिया गरिएको छ । शल्यक्रिया पश्चात निको भएपछि अस्पतालबाट डिस्चार्ज भएर उनी घर फर्किएकी छन् ।

### सुचना

अंक २५ माघ ५ गतेको पेज नं. ६ को बक्स समाचारको हेडलाईनमा अप्रेशन गर्दा फेरियो उमिसाको अनुहार हुनु पर्नेमा अन्यथा भएकोमा क्षमा प्रार्थी छु ।

सम्पादक




प्रदेश नं. १ विराटनगरमा रहेको एकिकृत जाँच चौकी अनलाईन स्वीच थिचेर उद्घाटन ।

## सुचना ! सुचना ! सुचना !

सड्क क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन वमोजिम कारहवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

**धनापथान गाउँ पालिकाको कार्यालय मोरंग**







परिवर्तनको लागि क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

### खोई त प्रमको राष्ट्रवाद

कुनैपनि देशको राष्ट्रियता वोलेर मात्र हुँदैन, राष्ट्रियता त भाषामा, भेषभूषामा रहन सहनमा झल्किन्छ । नेपालको राष्ट्रवादको डंका पिट्ने नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष तथा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले आफुलाई पक्का देश भक्त राष्ट्रवादी ठान्छन । तर त्यो राष्ट्रिवाद नेपालको प्रदेश नं. १ को भेडियारीमा एकिकृत जाँच चौकीको नेपालको प्रधानमन्त्री केपी शर्मा ओलीले काठमाण्डौ र भारतको प्रधान मन्त्री नरेन्द्र मोदीले दिल्लीवाट स्वीच थिचेर उद्घाटन पश्चात नेपालका प्रधान मन्त्री केपी शर्मा आलोले आफ्नै भूमिमा अग्रेजीमा सम्वबोधन गर्दा उद्घाटनमा उपस्थित नेपाली जनताले खल्लो महसुस गर्दै राष्ट्रवादको खोकरो नारा लगाउने ओली आज आफ्नै भूमिमा अग्रेजीमा सम्वोधन गर्दा कहि ओलीले पनि सत्तामा पुगेपछि राष्ट्रवाद विर्सको भनी कुरा काटेका थिए । आफ्नै देशमा नेपाली भाषाको धज्जी उडाउदै अग्रेजीमा भाषण ठोकेका थिए । यसवाट प्रष्ट हुन्छ कि सत्ता हासिल गर्नका लागि मात्र राष्ट्रिवाद हुन्छ सत्तामा पुगेपछि राष्ट्रवाद भन्दा पनि स्मार्टनेस देखाउन लाग्दछन् ।

सोही उद्घाटन समारोहलाई सम्वोधनको क्रममा भारतका प्रधान मन्त्री नरेन्द्र मोदीले हिन्दी भाषामा भाषण दिएका थिए । आफ्नो देशमा वोलिने राष्ट्रिय भाषा बोलेर उपस्थित जनसमुदायलाई नेपाली वोलेर कस्तो हुनु हुन्छ भन्दा साराले तालीवजाएर मोदीलाई स्वागत गरेका थिए । भारत आफ्नो देशका भाषाबोल्दै मित्र राष्ट्र नेपालको भाषा वोलेर सारा नेपालीको मन मोदी मै भएका थिए । त्यसले राष्ट्रियता वचाउने हो भने देशको भाषा र भेष भूषामा ध्यान दिदै छिमेकी देशको भाषा केही थोरै शव्द बोलेर आफ्नो देशका भाषामा भाषण दिदा सुनमा सुगन्ध हुन्छ ।

उद्घाटन समारोहका प्रमुख अतिथी उद्योग राज्यमन्त्री माती दुगडले नेपाली मिसाउदै हिन्दीमा सम्बोधन गर्दा केही मिडियाले हिन्दीमा भाषण गरी विवादीत वने भनेका थिए तर प्रधान मन्त्रीले अग्रेजीमा वोल्दा विवाद भएनन् । मोती दुगडले कम्तीमा भारतीय प्रधानमन्त्रीले नेपालीमा केही शव्द वोलेकाले हिन्दी पनि नेपालमा बुझिन्छ भनेरै हिन्दीमा भाषण गरेका थिए । जपानिजहरु, चाइनिजहरु जहिले पनि आफ्नो भाषा वोल्दछन् । त्यसलाई बुझ्न ट्रान्सलेटरको व्यवस्था गर्दछ । आफ्नो भाषा वोलेरै आज ती देश विकासित देश भएका छन । आफ्नो भाषा नबोलेरै आज नेपाल जस्ता देशहरु विकासशील देश भएका छन् ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# कुटनीतिक वार्ता कि वार्तामा कुटनीति ?

**मनोज कुमार कर्ण**

सुन्दै उस्तै लाग्ने तर फरक अर्थका दुई कार्य हुन्, 'कूटनीतिक वार्ता' र 'वार्तामा कूटनीति' हाल्नु । कूटनीतिक वार्ताको लागि कसरी वार्ता गर्ने, के-के विषय उठान गर्ने, कुन क्षणमा गर्ने, लेन-देनको हिसाबमा गर्ने कि पूरा आत्मविश्वासको साथमा गर्ने जस्ता विविध कुराहरू पर्छन् । तर वार्तामा कूटनीति भनेको वार्तालाई जसरीपनि फलदायी बनाउन, अर्को पक्षको पूर्ण ध्यान आफ्नो कुरामा तान्न कस्तो व्यक्ति वार्ता गर्न चयन गर्ने, विपक्षको ध्यान र रूची के मा हो, विपक्षको आफूप्रतिको गम्भिरता कति हो आदिलाई माप्नु हो । वार्ताकार कुनै संस्था वा समग्र देशकै प्रतिनिधित्व राजदूत, विशेष दूत, वाणिज्य दूत, परराष्ट्रको कर्मचारी, दुई देशीय वा बहुदेशीय सम्मेलनमा स्वयं राजनीतिक व्यक्तिले कुरा राख्ने हुन्छन् । अवश्य, यस लेखको आशय मान्छेलाई व्यक्तिगतरूपमा सफल वार्ताकार बनाउन कसरी टेवा पुऱ्याउने हो भन्ने सीपको छोटकरी चर्चाभन्दा पनि देशभित्रमा गरिने एक-एकजना बीचको वार्ताभन्दा दुई संस्था बीच र अझ भनौं अन्तर्राष्ट्रियस्तरका कूटनीतिक वार्तालाई कसरी नेपालको पक्षमा फलदायी बनाउने बारे हो । हामीले ध्यानमा राख्नैपर्ने सत्यतथ्य के हो भने नेपाल विविध जात, क्षेत्र, धर्म र सम्प्रदायका मान्छेले क्रस-कल्चरल समाज हो जसमा एकल जात तथा समुदायको कूटनीतिक व्यक्ति विदेशमा चयन गरेर पठाउनु पहिला स्वयंको देशको जनताको विश्वास तथा साथ गुमाउनु हो किनकि उपेक्षित समूहले त्यस आवेशमा स्वयंको देशको व्यक्तिको सफलताभन्दा पनि विपक्षले नै जितोस् भन्ठान्छन् र, यस 'राष्ट्रिय क्षति'को जिम्मा अलोकतान्त्रिक सत्ता/विपक्ष पार्टीका नेताहरूले लिनुपर्छ । फेरी वार्ताको टेबलमा यो पनि ठूलो महत्व राख्छ कि तपाईं प्रतिनिधित्व गरिरहेको देशको राजनीति, राजनीतिक नियुक्ति समावेशी/असमावेशी के हो, धार्मिक आस्था के हो, राजनीतिक झुकाव कता हो जस्ता आदि कुरामा भर पर्छन् । जस्तै, श्रीलंकामा नेपालको तर्फबाट बुद्ध वा बुद्धिज्म्बारे लगानीमा कूटनीतिक वार्ता छ भने नेपालबाट बुद्धिज्म्प्रति कम झुकाव वा नकारात्मक भाव राख्ने कोही अधर्मी र एनार्किक मान्छेलाई पठाउंदा परिणाम राम्रो आउने छैन । त्यस्तै, अमेरीका वा युरोप जस्ता पूर्ण लोकतन्त्र वा गणतन्त्र वा अवसर क्षमताको आधारमा नागरिकलाई उपलब्ध गराईने सोचको देशसंग वार्ता गर्ने राजदूत यदि नेपालबाट सधैंभरि एउटै जात, समुदायको तथा सबै मैं लाऊं, मैं खाऊं र देशलाई भन्दा एउटा समुदाय वा पार्टीको लाभ हेरेर वार्ता गर्छ भन्ने उ असफल हुनेछ । वार्तामा त्यस्तो हाम्रो प्रतिनिधिले 'आश्वासन' धेरै पाउने छन् तर वास्तविकतामा केही पाउने छैनन् । यस्तो अवस्थामा आफ्नो कुरा अर्कोपक्षले सुन्नैपर्ने बाध्यात्मक बनाउन कि संसारमै डौलर र ट्यांक पावरमा टौप टेनमा आउनु पऱ्यो वा हाम्रो जस्तो आर्थिकरूपले विपन्न, डौलर-ट्यांकमा मानसिकरूपले संसारसंग लगभग पहिल्यै पराजीत, क्षिमेकीहरू विश्व प्रतिस्पर्धी तथा हरेक क्षेत्रमा अति बलवान् रहेका तर आफ्नो देश नागरिकको विविधता समुदाय, क्षेत्र, जात, धर्म, राजनीति आदिले भरेकोले र देशको सीमा अन्य देशमाथि परिनिर्भरताको सिद्धान्तमा देश टिकेकोमा खुला रहेको र सांस्कृतिक समानता रहेकोमा तलका कुराहरू नेपाल सरकारले कूटनीतिक चयनगर्दा विचार गर्नैपर्छ, यदि देशमा गणतन्त्र आएको बुझ्छन् र देशलाई जोगाउने आत्मा सफा तथा ईमान्दार छ भने ।

लेखक न त कूटनीतिज्ञ छ, न राजनीतिक व्यक्तित्व तर एउटा सचेत नागरिक छ जसभित्र राष्ट्रियताको नवीनतम् परिभाषा आजको पोष्ट-कोलोनियलिज्म् वा पोष्ट-मोडर्निज्म् जमानामा परिभाषित र परिमार्जित अवस्थामा छ । देशको आजको अवस्था केवल एक क्षेत्रमा राजनीति अस्तव्यस्त नभई नेपालको कूटनीतिक विफलता चारैतिर आभास हुन्छ चाहे त्यो भारत-नेपाल/चीन-नेपाल सीमाना सम्बन्धि वार्ता होस् वा विदेशमा मानवशक्ति नेपालबाट पठाउने प्रसङ्ग होस् वा फेरी अर्को देशबाट गरिने सन्धि-सम्झौता होस्, यस्ता मौकामा नेपाली पक्ष कमजोर भएर प्रस्तुत हुने, विषय उठान राम्ररी पूर्व तयारीको अभावमा वा विकसित व्यक्तित्वको अभावमा वा वार्ता अघि नै वार्ताकार देशको तर्फबाट स्वयंको जमीर बेच्दै समर्पण गरिदिने वा वार्तालाई व्यक्तिगत/पारिवारीक लाभमा अन्त्य गरिदिने र देशलाई ठूलो घाटा दिएको बारम्बारको उदाहरण नेपाल जस्तो गरिब देशहरूमा पाईन्छन् ।

कस्तो व्यक्तिलाई कुन देशमा पठाउने त अब ?

माथिका कुराहरूलाई मध्यनजर गर्ने हो भने नेपाल आज सीमाविवाद, विदेशमा मानवसंशाधन पठाउंदा पारिश्रमिक बढाउने तथा सुरक्षित बनाउने, उनीहरूको सुनुवाईलाई विदेशमा तीव्र बनाउने, विभिन्न सन्धि-सम्झौता नेपाली पक्षलाई गहन अध्ययन गरेर वैज्ञानिक आधारमा माथि पारेर सक्दो लाभमा पारेर गर्ने, वैदेशिक व्यापारिक पोर्ट तथा नाकाहरूलाई सुलभ र नेपाली जनतालाई सस्तोमा सामान सप्लाई गर्ने तवरले सफलता पाउनु, विदेशमा आफ्ना नागरिकको अपर्झट कुनै आतंकी समूहबाट आईपरेको समस्याबाट मुक्त गराउनु जस्ता आदि जस्ता दैनन्दैनिक कूटनीतिक कार्यबाट गुज्रीरहेको छ जहाँ हाम्रा प्रायः दूतहरू माथिका योग्यताभन्दा पनि पार्टी/पारिवारिक/समुदाय/आर्थिक ताकतले नजिकभएर नियुक्तभएका छन् । अतः उनीहरू आफ्ना नीजि स्वार्थबाट माथि उठेर देशलाई फाईदा नै पुऱ्याउने गरि सफल भएर वार्ता गर्ने हुन् वा उनीहरू असफल भए सरकारले फिर्ता बोलाउने छ र, उ आईपनि दिनेछ भनि सोच्नु दिवास्वप्न हो । र, यो दिवास्वप्न नभाग्नु नै बलियो प्रमाण हो नेपाली राजनैतिक प्रणाली र नेतृत्वलाई आरोप लगाउन कि नेपालमा कि त साँच्चिकै संघीय लोकतान्त्रिक गणतन्त्र र राजनीतिक चेतना राष्ट्रियतालाई कसरी बनाउने भन्नेबारे आएकै छैन वा आएको हो भने ज्ञानपापी भएर नेतृत्वहरू केवल आफ्नाको पक्षमा कूटनीतिक निकायहरूलाई दुरूपयोग गरिरहेका छन्, जसको विरूद्धमा यस्ता भ्रष्ट नेतृत्व जुन दलका भएपनि बाटामा उसको कमजोरीसहित आउनुपर्छ । ठिक छ, रोजाई सत्ताधारी पार्टीकै मान्छेको होस् तर अन्य देशको विविधता अनुसार नेतृत्वकै मन परेको व्यक्ति निश्चित देशको दूतमा त जानु पऱ्यो नि !

यदि यस सत्यलाई मान्ने हो भने दूतलाई करियर डिप्लोम्याट् यानिकि परराष्ट्र सेवाका कर्मचारीबाट छान्नुस् वा पोलिटिकल डिप्लोम्याट अर्थात् राजनीतिक व्यक्तित्वबाट छान्नुस्, तर सबै समुदाय, लिङ्ग, क्षेत्रबाट उक्त देशको गम्भिरता अनुसार छनौट हुनुपर्छ। यो भनिरह्नु परेन कि जो जसको नाम प्रतिस्पर्धामा हुनेछ, उ विषयवस्तुमा माहिर हुनेछ र राजनीतिक व्यक्तित्वको कोटामा मिडिया जगत्, विश्वविद्यालय, राजनीतिक-पूर्व मन्त्री, व्यापारी, एक्सपर्ट आदिलाई रोज्न सकिन्छ । यस अवस्थामा म बोल्डली नेपाल सरकारसंग माग गर्दछु कि चीनको राजदूत यदि अरनिको-भृकुटीलाई ध्यानमा राखेर केवल पहाडी बाहुण वा आदिवासी जनजातिबाट नियुक्त गरिरह्ने हो अर्थात्, कोर्स चेञ्ज नगर्ने हो भने भारतमा राम-सीताको आधारमा पनि केवल मधेशीलाई राजदूतमा नियुक्त गर । होइन भने त्यस्ता गैरमधेशी राजदूतलाई भारतले दिल्लीमा किन भ्यालु गर्ने ? त्यस्तै, अन्य देशमा नेपालका मधेशी, बाहुण-क्षेत्री र आदिवासी-जनजातिबाट लिङ्ग, धर्म, दल, राजनैतिक आस्थाप्रतिको झुकावको आधारमा बराबरी ढंगले दूत नियुक्त गर्नैपर्छ, यदि नेपाललाई एक्काईसौं शताब्दीको पोष्ट-कोलोनियलिज्म् वा मोडर्निज्म्को अति बृहत्त सोचको राष्ट्रियतायुक्त नेपाल बनाउने हो भने । होइन, अब 'आफू मर्ने बेलासम्म शासन' गरिसकें, नेपालको भविष्य र बाँकी पुस्ता भांडमा जाओस् भन्ने 'महिषासुर'सोच नेतृत्वमा छ भने नेपालकै अस्तित्व नाश गर्न हामी अनेकौं समुदायबाट धेरै सीके राउत र विप्लबहरू जन्माउंदै छौं । स्वयं संसारबाट बीतेपछि वार्षिकिमा मान्छेले के कुरा काट्लान्, आम पब्लिकले मनाईदिने कि केवल पार्टीका र त्यसमा पनि केवल किचेनका भान्से तथा नातेदार वा गुटसदस्यले, त्यसबारे जिवित छँदै स्वयं हरेक दलका नेताले मनन् गर्दा उत्तम । तसर्थ, यदि आवश्यकताको सिद्धान्त अनुसार, नेपालका गैरमधेशी वा पहाडी जनताको जति बल सीमा मिच्याईको आरोपमा भारतमाथि 'आगो'बाल्न आउंछ तर चीन सामु 'मामा-भाञ्जा'को नातामा 'नून खाएको कुखुरा'मा स्वयंलाई परिणत गर्छन् भने यस्तो अवस्थामा झन चीनसंगको व्यापारिक वा सीमा वार्तामा कम्तिमा पचास प्रतिशत र मधेशी-नेपाली नेतृत्वमा वार्ता टोली गठन हुनुपर्छ तथा त्यहाँको हरेक वैतनिक, अवैतनिक वा वाणिज्य वा फुल राजदूत मधेशी हुनैपर्छ । यतिमात्र होइन कि भारतसंगको वार्ता टोलीमा पनि पचास प्रतिशत मधेशी सदस्य हुनैपर्छ । देशमा जुन सुकै राजनीतिक दल नेतृत्वमा आवोस्, तर कूटनीतिक नियुक्ति सन्तुलित हुनैपर्छ । यदि यस्तो भयो भने 'वार्तामा कूटनीति' थपिन गई नेपालको कूटनीतिक वार्तामा सफलता हरेक दृष्टिकोणले भविष्यमा हुने देखिन्छ । (लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्) (मधेश दर्पण फिचर सेवा)

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

**अस्पताल**

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# नोबेलले ओपन हर्ट सर्जरी थालेपछि पूर्वी नेपालका विरामीलाई सहज



बिराटनगर । नोबेल शिक्षण अस्पतालले छाती चिरेर गरिने मुटुको शल्यक्रिया (ओपन हार्ट सर्जरी) सेवा सुरु गरेपछि पूर्वी नेपालका बिरामीहरुलाई सहज भएको छ । अत्याधुनिक उपकरण र दक्ष चिकित्सकको व्यवस्था मिलाएर मुटुको अप्रेशन थालिएपछि बिरामीहरुलाई सहज भएको छ ।

पूर्वी नेपालका बिभिन्न जिल्लासहित भारतका बिरामीहरुले पनि नोबेलमा आएर ओपन हार्ट सर्जरी गराएका छन् । आफ्नै क्षेत्रमा स्तरीय सेवा पाउँदा धेरै सहज भएको भन्दै बिरामीहरुले खुशी व्यक्त गरेका छन् । नोबेलमा ओपन हार्ट सर्जरी गराएका मोरङको पथरीशनिश्चरेका सूर्यबहादुर राईले आफ्नै जिल्लामा मुटुको जटिल शल्यक्रिया गराउँन पाउँदा धेरै सजिलो भएको प्रतिक्रिया दिए । 'अन्त जानु ...भए गाह्रो हुने थियो, चिनेजानेकै आफ्नै ठाउँमा भएकाले धेरै सजिलो भयो ।' उनले भने ।

अन्यत्र टाढा जाँदा धेरै झन्झट व्यहोर्नुपर्ने भएपनि आफ्नै ठाउँमा सहज रुपमा स्तरीय सेवा पाउँदा धेरै राहत महसुस भएको भन्दै झापाको भद्रपुरकी भीमादेवी खनाल र बिर्तामोडकी दिलमायाँ प्रसाईले खुशी व्यक्त गरे । नोबेलमा राम्रो उपचार हुँने सुनेर भारतको अररियाबाट आएर ओपन हार्ट सर्जरी गराएका सुरेश प्रसाद सिंह... सोचेको भन्दा राम्रो उपचार पाएको बताए ।

नोबेलले सेवा सुरु गरेपछि स्तरीय ओपन हार्ट सर्जरीका लागि काठमाण्डौं धाउनुपर्ने बाध्यताको अन्त्य भएको नोबेल शिक्षण अस्पतालका निर्देशक एवं मुटु बिभाग प्रमुख डा.राजेश नेपाल बताउँछन् । गत असार महिनाबाट नोबेलले ओपन हार्ट सर्जरी सेवा सुरु गरेको हो । त्यसयता २० जना बिरामीको छाती चिरेर मुटुको सफल शल्यक्रिया गरिएको छ । नोबेलले ओपन हार्ट सर्जरी थालेपछि पूर्वी नेपालका बिरामी बढी लाभान्वित भएका छन् ।

शरिरको महत्वपूर्ण अंग भएकाले मुटुको अप्रेशनलाई जटिल मानिन्छ । मुटुमा सामान्य समस्या हुँदा अन्य बिधिबाट उपचार गरिने भएपनि गंभिर समस्या भएकाहरुलाई ओपन हार्ट सर्जरी गर्नुपर्ने चिकित्सकहरुको भनाई छ ।

# विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर व्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला ।
२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं ।
३. घरबाट निस्कने जैविक (कूहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं ।
४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं । घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ ।
५. फ्रेशहाउस तथा माछा मासू पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर व्यवस्थापन आफै गरौ । अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ ।
६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- ( हप्ताको ७ पटक संकलन हूने गरी ) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला व्यवस्थापन गरौं ।
७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर व्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ । अन्यथा फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ ।
८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाखा लाई छाडा छोडेमा जरिवाना गरिने छ । पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ ।
९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं ।
१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ ।
११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं । जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ ।
१२. सके सफा गरौ नसके फोहोर नगरौ ।
१३. निम्न समस्या भए सम्बन्धित व्यक्तिलाई खवर गरी सहयोग गरौं ।
  १. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
  २. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
  ३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव व्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

**अन्य समस्या भएमा**

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०

# मगही भाषा

## मगही भाषा के कविता


### घोघखुब हिलवैय

लभकी भौजी आइवते देखु
पुरवा पछिया बहैय ।
दुदिनमे पुरान भेल कनिया
घोघ खुब डोलाई-२
भुखे कनिया पेटमे देखु
जेना मुसरी डन्ड खिचैय ।
ससूरके उल्टे कन्खी माइर,
घोघ खुब डोलबैय-२
चार दिनके वादमे देखु कनिया
मोटर साइकलपर बइस गर्दा खुब उडवै ।
टोल परोसके जनानिके देखते,
कनियाघोघ खुब डोलबैय-२
खानपिनके समयमे कनिया
साउस ससूरके पाइन खुब देखवैय ।
गाजा भाग पिबक बरबा,
गेरथारीतर सतैय ।
ऐनि ओनि करैय तखने,
कनिया घोघ खुब डोबैय-२
मरमैझमानके देखक कनिया
ओठपर लिविस्टीक सेन्ट छिटैय ।
ओइ सेन्ट स जौ नई पुगइय त,
घुसे सन सेन्ट सेहो छोरैय ।
लोकके नाक टेर कइरतेमे कनिया घोघ
डोलबय-२

**फुलगेन महतो**

# हार्दिक श्रद्धाञ्जली







जन्म
वि.स. २००७ फागुन ३ गते

स्वर्गारोहन
वि.स. २०७६ माघ २ गते

रंगेली नगरपालिका वडा नं. ८ बस्ने **रामविलास साहको** ६९ वर्षको उमेरमा असामयिक स्वर्गारोहणले सम्पूर्ण परिवार अत्यन्त मर्माहत तथा दुःखित् भएका छन् । यस दुःखद् घडीमा शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै हार्दिक समबेदना प्रकट गर्दछौं ।

नेपाल बढई कल्याण समाज केन्द्रिय कार्य समिति परिवार प्रदेश नं. १


खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# छाउपडीको गडबडी

माधव चौलागाई

सामाजिक कलंक भनिने छाउपडी प्रथा अन्त्य गर्न रूपान्तरणकारी कदम भन्दै छाउघर (गोठहरू) भत्काइँदैछन् । छाउपडी उन्मूलन कानुन कार्यान्वयनको दबावका कारण सरकारी संयन्त्रले छाउगोठप्रति कठोर कदम चालिरहेको छ ।

बलपूर्वक छाउगोठ भत्काएर समस्याको हल खोज्ने प्रयासले केही प्रश्न जन्माएको छ ।

कानुन हुँदाहुँदै किन आफैं जबर्जस्ती भत्काउन परेको ? पछिल्लो महिनावारीसम्म यही छाउगोठमा बसेका ती महिला एकाएक अब घर पस्न तयार छन ? के उनीहरूलाई समाज र परिवारले पर्याप्त सहयोग दिन्छ ? के ती छाउघर भत्काउनुको विकल्प थिएन ?

महिलामाथि असहिष्णुजस्तो चित्रण गरिने सुदूरपश्चिम र कर्णालीको समाजमा परिवर्तन के साँच्चै जटिल छ ? समस्याको मूल कारण के हो ?

यिनै प्रश्नमाथि छलफल गरौं ।

पहिलो, जबर्जस्ती गोठ भत्काएर समाधान हुन्छ ?

छाउगोठ भत्काउने अभियान विगतमा पनि थिए । समाज सुधारका लागि पञ्चायतकालमा केही प्रयास गरिए । साँस्कृतिक क्रान्ति भनेर माओवादीले छाउगोठ र मष्टोका थान भत्काए । जनचासो नबढाइकन भत्काइएका अवशेष द्वन्द्वपछि फर्किए ।

२०६२ सालमा सर्वोच्च अदालतले यसलाई कुरिति मानेर उन्मूलनको आदेश दिएपछि वैधानिक पहल सुरू भयो । फलस्वरुप २०६४ सालमा छाउपडी प्रथा उन्मूलन निर्देशिका बन्यो र बृहत अभियान चले ।

यसक्रममा कैयौं गाउँ छाउगोठमुक्त घोषित गरिए । तर अभियानले व्यवहारिक सार्थकता पाएन ।

सरकार झन् कडा बनेर मुलुकी अपराध (संहिता) ऐन, २०७४ मै कानुनी सजाय तोकिदियो । धारा १६८ मा छाउपडी नाउँमा हुने विभेद कसुरमा तीन महिनासम्म जेल वा तीन हजार जरिवाना वा दुवै हुने व्यवस्था भयो ।

यो कानुनले पनि असर गरेन । छाउपडीका समाचार बनिरे ।

२०७६ पुसमा गृहमन्त्रालयले मातहतका प्रशासन कार्यालयलाई 'सर्कुलर' गरी छाउपडी उन्मूलन गर्ने संयन्त्र बनाउन भन्यो । अब एकाएक ती संयन्त्र छाउगोठ भत्काएर चाँडै उन्मूलन घोषणा गर्ने होडबाजीमा छन् ।

यो अभियान वास्तविक सफल हुने सम्भावनामा मानिसहरू शंका गरिरहेका छन् । यस्तो लाग्छ, छाउगोठ भत्काउनु त एउटा सस्तो लोकप्रियता कमाउन वा लोकलाज ढाक्न सरकारी तथा गैरसरकारी संयन्त्र, स्थानीय अगुवा र प्रशासनले अपनाएको सजिलो बाटो हो ।

सरकारले ल्याएका नीतिनिर्देशन वा कानुन पालना नहुनुमा मुख्य तीन कारण हुन्छन् ।

पहिलो, नीति आफैंमा अस्पष्ट र जटिल हुनु ।

दोस्रो, कानुन कार्यान्वयन गर्ने निकायसँग कुनै शक्ति, सुविधा वा प्रोत्साहन नहुनु ।

तेस्रो, लक्षित वर्गले नबुझ्नु वा उनीहरूको परम्परा, मान्यता र विश्वासको विरूद्धमा हुनु ।

छाउपडी उन्मुलन सफल नहुनुमा यी सबै कारण होलान् ।

अर्को प्रश्न, अब छाउगोठ भत्किएपछि के महिलाहरू घरै बस्छन् त ?

प्राय : जसो बस्दैनन् ।

महिला र उनको परिवारले गर्ने यो निर्णयमा मनोवैज्ञानिक, मनोसामाजिक र व्यवहारिक कारण छन् । जसरी मक्किएका, थोत्रा, साँघुरा जोखिमयुक्त गोठका तस्वीर आइरहेका छन, त्यहाँ बस्न बाध्य महिला र तिनका परिवार पनि त्यस्तै गरिब, निरीह, निमुखा र निर्बल छन् । उनीहरूलाई एकातिर सरकारको र अर्कोतिर देउताको डर छ ।

कर्णाली, भेरी, सेती र महाकाली नदीका आसपास बस्ने समुदायमा मष्टो मान्ने परम्परा छ । यहाँका बासिन्दाको जन्मदेखि मृत्युपर्यन्त र जीवनशैलीको हरेक महत्वपूर्ण क्षणमा मष्टोको विधिविधानले भूमिका खेलेको हुन्छ । त्यहाँ धेरैजसो घरमा मष्टो थान वा प्रतिमा स्थापित हुन्छ । राजाभन्दा देउता ठूलो भन्ने विश्वास गढेको समाजमा न पुरुष, न महिला कसैले पनि एकाएका ती नियम मिचेर मानसिक डर, तनाव र चिन्ता बोक्न चाहन्नन् ।

यो क्षेत्र देशकै सबभन्दा गरिबहरू बस्ने ठाउँ हो । राष्ट्रिय योजना आयोगले २०७४ सालमा निकालेको बहुआयामिक गरिबी सूचकमा कर्णालीका आधाभन्दा बढी व्यक्ति बहुआयामिक रूपमा गरिब थिए । मुख्यगरी त्यहाँको जीवनस्तर आयाम धेरै कमजोर थियो । घरायसी इन्धन प्रयोग, सरसफाई, खानेपानी, विद्युत, घरको छाना र भुइँ तथा सम्पति स्वामित्व जस्ता कुरार अरूको तुलनामा निकै कमजोर थियो ।

यसबाट स्पष्ट हुन्छ, ती छाउगोठ उन्मूलनबाट प्रभावित हुने प्राय : परिवार आर्थिकरूपले विपन्न, गरिब र विकल्पहीन थिए ।

ती आततायी गोठ भत्काउने प्रयास एकछिन सराहनीय लागे पनि भोलिपल्टैबाट आउन थालेका थप खबरले संकेत गरिरहेका छन (छाउ बस्ने घर भत्काइदिँदा कतिपय महिलाको झन् विचल्ली भयो । उनीहरू बारीका कान्लामा, खोल्सा, ओडार, पशुवस्तुसँग वा खुला आकाशमुनि पनि गुजारा गरिरहेका छन् । यसले थप मानसिक पीडा दिइरहेको हुन्छ ।

घरमा सरसफाइ सुविधा उपलब्ध छैन । महिनावारी बेला प्याड प्रयोग गर्ने चलन छैन । त्यसैले पनि अलग्गिएर र लुकाएर बस्नु परिरहेको हुन्छ । प्याड उपलब्ध नहुने, भए पनि महँगो, आफैं बनाउने र प्रयोग गर्ने सीप नभएकाले प्याड प्रयोगदर निकै कम छ ।

सन् २०१८ मा जुम्ला सदरमुकाम नजिकैको स्कुलमा कक्षा ९ र १० पढ्ने ११२ किशोरीमा गरिएको अध्ययनमा जम्मा १५ प्रतिशतले मात्र स्यानिटरी प्याड प्रयोग गरिरहेको पाइएको थियो । २० प्रतिशतले नयाँ कपडा प्रयोग गर्थे भने दुईतिहाईभन्दा बढी (६४ प्रतिशत) ले पुराना फाटेको कपडा प्रयोग गर्ने बताएका थिए ।

त्यही वर्ष अछामका दुई स्कुलका १०७ किशोरीमा गरिएको अध्ययनले जम्मा १० प्रतिशतले मात्र प्याड प्रयोग गर्ने र बाँकीले सुख्खा कपडाले काम चलाउने पाइएको थियो ।

सहज र अनुकूल परिस्थितिमा हुर्केकाहरूले जब पश्चिम नेपालको छाउपडी बारे सुन्छन, तब महिनावारी बार्ने वा पर सर्ने कुरा आततायी र अमानवीय लाग्छ । खासमा अभावले पनि यसलाई बल्झाइरहेको छ ।

तेस्रो, छाउपडी बेला महिलालाई परिवार र समाजले गर्ने व्यवहार र सहयोगको वातावरण कस्तो छ ?

परिवर्तनका निम्ति यसले महत्वपूर्ण भूमिका खेल्छ । पितृसत्तात्मक समाजले हेपेको छ भने पनि सुदूरपश्चिम र कर्णालीमा मातृसत्ताले छाउपडी जोगाइ रहेको छ । त्यसतर्फ चर्चा र बहस हुँदैन । आवाज राख्नेहरू सबै पुरुषसत्तालाई दोषी मान्छन् ।

एउटा प्रसंग लिऊँ ।

मैले भेटेसम्म प्राय : कर्णालीका पुरुषले महिनावारी विषयमा खासै जानकारी, चासो वा चिन्ता राख्दैनन् । हामी हुर्कँदै गर्दा घर र गाउँभरका महिलाले मासिकचक्रको सात दिन अपनाउने गतिविधि र व्यवहार देखेका त छौं, तर यो सबै महिला जीवनका निजी, नियमित र स्वभाविक प्रक्रिया भन्ने लाग्छ । त्यसैले चासो राखिएन ।

महिनावारी बेला हाम्रा हजुरआमा वा आमाहरूले हामीलाई न जानकारी दिए, न सिकाए न सहयोग नै मागे । हाम्रा बा, हजुरबाले पनि यस्तै ठाने होलान् । उनीहरूले पनि कहिल्यै केही भनेनन् । परिवारका महिला सदस्य अलग्गै सरेको देखेपछि हामी अनुमान गर्दै हुर्कियौं । यो एक नियम जस्तै लागेर होला, यसबारे कहिल्यै ठीक वा बेठीक भनिएन, सोधिएन। जसरी घरमा आमाले मात्र खाना बनाएको देख्दा किन यस्तो भनिएन । यसरी नै आमधारणा र सामाजिक व्यवहार विकास भयो ।

तीन वर्षअघि जुम्ला, मुगु र कालिकोटका २१ गाविसमा बस्ने किशोरीमा गरिएको अध्ययनमा सहभागीहरूले परिवारका पुरुष सदस्यभन्दा महिला सदस्यले महिनावारीमा बढी कडिकडाउ गर्छन् भनेका थिए । अन्य सदस्यभन्दा हजुरआमाहरू बढी कट्टर हुने गरेको सुनाएका थिए । यसबाहेक गाउँमा धामी वा पण्डित्याइँ गर्ने परिवारमा तुलनात्मक रूपमा बढी बन्धन रहने बताएका थिए ।

सामाजिक तथा पारिवारिक संरचनामा आउने परिवर्तनले छाउपडीको गम्भीरता क्रमश : घटाउँदै लगेको पाइन्छ । जस्तो गाउँभन्दा सहरउन्मुख ठाउँका बासिन्दा यसप्रति नरम तथा लचिला हुन्छन् । सहरउन्मुख ठाउँमा बहुल समुदाय हुन्छ जुन एकल समुदायभन्दा खुला हुन्छ । त्यसैगरी सगोलमा बस्नेभन्दा एकल परिवारमा तथा कुनै सदस्य बाहिर (विदेश) भएका परिवारमा कम बन्धन हुन्छ ।

चौथो, के सुदूरपश्चिम र कर्णालीको समाज परिवर्तनशील छैन ?

अवश्य छ । नयाँ पुस्ताले परिवर्तन ल्याइसकेको छ । छाउपडी बेला अलग्गै घरबाहिर बस्ने दर घटिरहेको छ । नयाँ बन्ने घरको तल्लो तलामा एउटा कोठा छुट्याउन सुरू भएको छ ।

दुई वर्षअघि अछामका दुइटा स्कुलका १० देखि १९ वर्षका १०७ किशोरीमा गरिएको अध्ययन अनुसार महिनावारी भइसकेका सबै किशोरीले बारिरहेका थिए । उनीहरूमध्ये ४ प्रतिशत मात्रै छुट्टै बनाइएको छाउगोठ बस्थे भने ८२ प्रतिशत घरकै भुइँ तलामा भएको गोठ बस्थे । बाँकी घरकै अलग्गै कोठामा बस्ने बताएका थिए ।

तीन वर्षअघि जुम्ला, मुगु र कालिकोटका २१ गाविसका १३ देखि २५ वर्षसम्मका महिलामा गरिएको अध्ययनअनुसार एक चौथाइ किशोरी छाउगोठ बसेका थिए भने त्यति नै मात्रामा गाईगोठ पनि बसेका थिए । बाँकी आफ्नो वा छिमेकी घरकै छुट्टै कोठामा बसेका थिए ।

समूह केन्द्रित उक्त छलफलमा भाग लिने किशोरीहरूले यो पनि भनेका थिए । हामी नेपालगञ्ज वा काठमाडौं जाँदा यस्तो केही मान्दैनौं । गाउँ आउँदा मान्नुपर्छ ।

तथ्यांक विभागको सन् २०१५ को प्रतिवेदनअनुसार समग्र नेपालमा २५ प्रतिशत महिला महिनावारी बेला छुट्टै बस्छन् । ५७ दशमलव ६ प्रतिशत महिला त्यो अवधिमा सामाजिक भेला, अवसरहरूमा जाँदैनन् ।

पाचौं र अहम् प्रश्न, समस्याको जड के हो र सामाजिक परिवर्तन कसरी सम्भव छ ?

महिला शिक्षा र आर्थिक अवसरले चाँडै परिवर्तन ल्याउन सक्छ । छाउपडीका कारण महिलाको शिक्षामा निकै असर परेको छ भन्ने तर्क अब कमजोर हुँदैछ ।

त्यही तीन वर्ष अघि जुम्ला, मुगु र कालिकोटका २१ गाविसमा गरिएको अध्ययनमा स्कुल वा कलेज जाने महिलामध्ये ९४ प्रतिशतले महिनावारी हुँदा पनि गइरहेको बताएका थिए । अछामको अध्ययनमा पनि ९१ प्रतिशत किशोरी महिनावारी बेलामा स्कुल गइरहेका थिए ।

महिनावारीमा स्कुल नजानेहरूमा धेरैजसोले पहिलो दिन बिदा लिन्थे । दोस्रो, तेस्रो दिन हुँदै जाँदा गयल हुने दर पनि घट्दै गएको थियो ।

विचारणीय के छ भने, महिनावारीको पहिलो दिन नजानुको कारण स्कुलमा पानी, चर्पी, स्यानिटरी प्याड लगायत पर्याप्त सुविधा नभएकाले हो ।

हरेक समाजमा विधि, मूल्य मान्यता, विश्वास, चलन, संस्कृति विद्यमान हुन्छन् । लामो कालखण्डमा निर्माण भएका यी गुण समय र विकासक्रममा परिवर्तन, परिमार्जन वा रुपान्तरण हुनसक्छन् । जब मानिसलाई कुनै पक्ष विभेदकारी, अमर्यादित वा जोखिमपूर्ण महशुस हुन्छ तब ती सच्चिएर परिवर्तन हुन्छन् वा त्यागिन्छन् ।

कतिपय यस्ता सामाजिक प्रचलन र व्यवहारले समाजलाई अरूभन्दा पृथक बनाएको हुन्छ । रिति, संस्कृति वा विश्वासको कुनै एउटा सर्वव्यापी मानक हुँदैन । साँस्कृतिक रुपान्तरण कुनै वर्ग वा सम्प्रदाय विशेषलाई होच्याएर वा हिनताबोध गराएर होइन,

वांकी अन्तिम पेजमा मा...

# प्रदेश प्रमुख समक्ष अख्तियारको वार्षिक प्रतिवेदन

विराटनगर । अख्तियार दुरुपयोग अनुसनधान आयोगको इटहरी कार्यालयमा उजुरीको संख्या बढ्दो क्रममा पुगेको छ ।

आयोगले प्रदेश १ का प्रमुख सोमनाथ अधिकारी प्यासीलाई सोमबार वार्षिक प्रतिवेदन बुझाएको छ । यो आर्थिक वर्षमा आयोगको इटहरी कार्यालयमा १ हजार ६ सय ९३ उजुरी परेका छन् । कार्यालयमा ४ सय ३६ उजुरी भने अघिल्लो आर्थिक वर्षबाट सरेर आएका छन् ।

आयोगको इटहरी कार्यालयमा अहिले उजुरीको संख्या २ हजार १ सय २९ रहेका छ । आयोगको उजुरीमा इटहरी कार्यालयको उजुरीको हिस्सा ८ दशमलव ८४ प्रतिशत रहेको छ । प्रदेश प्रमुखलाई २९औं वार्षिक प्रतिवेदन आयोगकका सहसचिव रविलाल पन्थीले बुझाएका हुन । प्रतिवेदन बुझ्दै प्रदेश प्रमुखले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका थप प्रभावकारी बनाउनु पर्ने बताए । भने,"मुलुकभित्र भ्रष्टचारको सम्भावना भएका क्षेत्रमा पनि आयोगले अध्ययन गरेर हेर्नु पर्छ ।"

आयोगमा २०७५र७६ मा १६ हजार ९ सय ९७ उजुरी परेका थिए । त्यसमा अघिल्लो आर्थिक वर्षबाट ७ हजार ८८ उजुरीको जिम्मेवारी सरेको थियो । आर्थिक वर्ष २०७५/७६ को कुल उजुरी २४ हजार ८५ रहेको छ । आयोगमा परेका कुल २४ हजार ८५ उजुरी मध्ये १५ हजार ५ सय २७ उजुरी फरछ्यौट गरेको छ । बाँकी रहेका ८ हजार ५ सय ५८ उजुरी यस आर्थिक वर्षमा सरेर आएका छन् ।


धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी र हौं ।

सुचना सुचना सुचना

१०

वैदेशिक रोजगारीमा जाँदास्वीकृत निकाय मार्फत् नेपाल सरकारबाट सूचिकृत मुलुकहरूमा मात्र जाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रशारण विभाग

नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जतातती फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ

सुनवर्सी नगर पालिकाको कार्यालय मोरंग

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# बसन्त पंञ्चमी अर्थात सरस्वती पूजा

वसन्त पञ्चमी हिन्दू धर्माबलम्बी हरूको पर्व हो। यस दिन विद्याकी देवी सरस्वतीलाई पूजा गरिन्छ। यो पूजा पूर्वी भारत र नेपालमा ठूलो उत्साह सहित मनाइन्छ। यस दिन महिलाहरू पहेंलो वस्त्र धारण गर्दछन्। यो पर्व वेदांग ज्योतिष कालमा वसन्तऋतु मधु (आर्तव चैत्रमास) मासमा मनाइन्थ्यो। पछि मात्र वार्हस्पत्यसंत्सरको निरयण माघ शुक्ल पञ्चमीमा मनाउन थालियो। जसलाई अँझै पनि वसन्त पञ्चमी भनिन्छ।

प्राचीनकालमा वसन्त ऋतुमा मनाइने वसन्त पञ्चमी पर्व यो वर्ष वैदिक तिथिपत्र अनुसार वसन्त ऋतुमा मधुशुक्ल पञ्चमीकै दिन तथा लौकिक पञ्चांग अनुसार निरयण माघ शुक्ल पञ्चमी भनिएको एकैदिन परेको थियो। यस वर्ष वि.सं.२०७६ को बसन्त पंचमी अर्थात सरस्वती पुजा माघ १६ गते तदनुसार सन् २०२० जनवरी ३० तारिकका दिन परेको छ। प्राचीन भारतवर्षमा प्रसिद्ध वेदांग ज्योतिष अनुसार एकयुगमा ५ संवत्सर, एक संवत्सरमा २ अयन, एक अयनमा ३ ऋतु, एक ऋतुमा २ महिना, एक महिनामा २ पक्ष र एकमा १५ दिन हुने र एक दिनमा ३० मूहुर्त हुने कुरा बताईएको छ। वर्षमा ऋतुबद्ध ६ महिना हुन्छन्। वसन्त सृष्टिकारक तथा मानिसहरूको मनपर्दो ऋृतु हो।

जब फूलहरूमा बहार हुन्छ, जौ र गहूँका बालीहरू लहलहाउँछ। आँप आदीका रुखहरूबाट नयाँ टुँसाहरु पलाउँछ। पुष्पबाट सुगन्ध फैलिन्छन् र चारैतिर रंग बिरंगी पुतलीहरू उडनथाल्छन्। कोकिल कुहु कुहु गर्दछन्। यो बेलामा पहिला राज्यमा वसन्त ऋतुको स्वागत गर्न वसन्तोत्सव मनाइन्थ्यो।

शुक्ल यजुर्वेद शतपथ (२॥१॥३॥४ मा “ब्राह्मणो वसन्ते अग्नी आदधीत)“ भनेर वसन्तमा ब्रह्मवेत्ता ऋषिहरूले अग्न्याधान गरे भनिएको छ। माघ महिनाको निरयण चान्द्रमाण पञ्चाङ्ग अनुसार पाँचौं दिन तथा वेदांग ज्योतिषको वैदिक तिथिपत्र अनुसार मधु (सायन चैत्र) महिनाको पञ्चमी तिथिमा एउटा ठूलो उत्सव मनाइन्थ्यो जसमा विष्णु र कामदेवलाई पूजा गरिन्थ्यो, यसैलाई वसन्त पञ्चमीको पर्व भनिन्थ्यो। शास्त्रहरूमा वसन्त पञ्चमीलाई ऋषि पञ्चमी भनेर उल्लेख गरिएको छ, र पुराण-शास्त्रहरू तथा अनेक काव्य ग्रन्थहरूमा पनि अलग-अलग ढंगले यसको चित्रण पाइन्छ।

आरम्भ

सृष्टिको प्रारम्भिक कालमा भगवान विष्णुको आज्ञ अनुसार ब्रह्माले जीवहरूको, विशेष गरि मनुष्य योनिको रचना गरे। आफ्नो सृष्टिसित उनी खुशी थिएनन्। उनलाई केही कमी भएको भान हुन्थ्यो। जसको कारण चार तिर मौनता छाएको थियो। विष्णु सित अनुमति लिएर ब्रह्माले आफ्नो कमण्डलुबाट जल छरे, पृथ्वीमा जलकण छरिने बित्तिकै कंपन हुन थाल्यो। यसपछि वृक्षहरूका बीचबाट एक अद्भुत शक्तिको उत्पत्ति भयो। यो प्राकट्य एक चतुर्भुजी सुंदर स्त्रीको थियो जसको एक हातमा वीणा तथा अर्को हातमा वर मुद्रा थियो। अरु दुई हातहरूमा पुस्तक र माला थिए। ब्रह्माले देवीसित वीणा बजाउने अनुरोध गरे। जब देवीले वीणाको मधुरनाद गरिन, संसारका समस्त जीव-जन्तुहरूलाई वाणी प्राप्त भयो।

जलधारामा कोलाहल व्याप्त भयो। हावा चल्दा सरसर आवाज आउँन थाल्यो अथवा शव्दको प्रादुर्भाव भयो। तब ब्रह्माले ती देवीलाई वाणीकी देवी सरस्वती भने। संगीतको उत्पत्ति गरेको कारण यिनी संगीतकी देवी पनि हुन् भनिन्छ। वसन्त पञ्चमीको दिनलाई यिनको जन्मोत्सवको रूपमा पनि मनाइन्छ। पुराणहरू अनुसार श्रीकृष्णले सरस्वती सित खुशी भएर उनलाई वरदान दिएका थिए कि वसन्त पञ्चमीको दिन तिम्रो पनि आराधना गरिनेछ भारत र नेपाल का धेरै भागहरूमा वसन्त पञ्चमीका दिन विद्याकी देवी सरस्वतीको पनि पूजा हुन शुरु भयो जो आजसम्म चलिरहेछ। यस सम्बन्धमा मिथक पुराणहरूमा यस्तो भेट्टाइन्छ। एकपटक ऋतुहरूका राजा वसन्त ऋतुको सम्मान कार्यक्रमको आयोजना अन्य पाँचौ ऋतु जम्मा भएर गर्ने विचार गरेछन्। यसै क्रममा आफ्ना राजा वसन्तलाई अभिवादन गर्दै पाँचवटा ऋतुले आफ्नो ऋतु कालबाट आठ आठ दिन वसन्तलाई समर्पण गरेछन्। यसैले वसन्त ऋतु अरू ऋतुभन्दा ४० दिन बढी हराभरा भएर लोक जीवनलाई आनन्दमय बनाउने भएकाले यही दिनदेखि वसन्त याम आएको हो भन्ने भनाइ छ।

त्यसैले यो दिनलाई वसन्त पञ्चमीको नामले चिनिने मान्यता छ। हातको अघिल्लो भागमा लक्ष्मी मध्य भागमा सरस्वती र मूल भागमा ब्रह्माको निवास छ। अत : यही कर्मवादी हातलाई ब्रह्माको सिर्जनाशीलता, लक्ष्मीको सम्पन्नता लाई जोड्ने र गतिशील संसारलाई मोड्न मध्यभागमा सरस्वतीलाई राखेर सम्मान गर्ने परम्परा रहि आएको छ।

पौराणिक महत्व

यसका साथै यो पर्वले हामीलाई अतीतका अनेक प्रेरक घटनाहरूको स्मरण गराउँछ। सर्वप्रथम त यसले त्रेता युगमा रावणद्वारा सीता हरणपछि श्रीराम उनको खोजीमा दक्षिणतर्फ बढेका थिए। यसमा जुन स्थानहरूमा उनी गए, तिनमा दंडकारण्य पनि थियो। यहीं शवरी नामक तपस्विनी रहन्थिन्। जब राम उनको कुटीमा पुगे, उनले सुध-बुध हराई र चाखेर मीठा बयर फल रामलाई खुवाउन लागिन्। प्रेममा जुठा बयरहरू खुवाइएको यस घटनालाई रामकथाका सबै गायकहरूले आ-आफ्नो ढंगमा प्रस्तुत गरेकाछन्। दंडकारण्यको त्यो क्षेत्र अचेल गुजरात र मध्य प्रदेशमा फैलिएकोछ। गुजरातको डांग जिल्लामा त्यो स्थान छ जहाँ शबरी माताको आश्रम थियो। वसन्त पञ्चमीको दिन नैं राम त्यहाँ पुगेका थिए। त्यस क्षेत्रका वनवासी आज पनि एक शिलालाई पूज्दछन, जसको बारेमा उनीहरूको विश्वास छ कि श्रीराम आएर त्यहीं बसेका थिए। त्यहाँ शबरी माताको मन्दिर पनि छ।

वाणिकी देवी

संसारका सर्जक ब्रह्माको मुखबाट उदय भएकी महासरस्वती सम्पूर्ण प्राणीहरूकी वाग्देवी अर्थात् वाणीकी देवी हुन्। राजहंसवाहन भएकी देवीका चार हातमध्ये एउटामा वीणा, एउटामा स्फटिकको माला, अर्कोमा पुस्तक र अभय मुद्रा रहेका छन्। सेतो वस्त्रले सजिएकी हरदम मुस्कुराइरहन्छिन् र सम्पूर्ण मानवजातिलाई मन्द मुस्कानका लागि प्रेरित गर्छिन्। भारती, सरस्वती, शारदा, जगत्माता, वागीश्वरी, कौमारी, वरदायिनी, कामधेनु आदि हजारौं नाम भएकी देवीको ’सरस्वती कवच’ को मन्त्रबाट व्यास, वाल्मीकि, याज्ञावल्क्य, कणाद, पाणिनी आदिदेखि शङ्कराचार्य र सन्त तुलसीदाससम्मले सिद्धि प्राप्त गरे। आवश्यकता अनुरूप संहारका बेला महाकाली रूप धारण गर्ने र जीवदेखि जगत्सम्मको सञ्चालनमा महालक्ष्मी रूप धारण गर्ने देवी सिर्जनाका बखत महासरस्वतीको रूपमा सर्वत्र विराजमान हुन्छिन्।

संगीत र विद्याकी देवी

स्वर, सङ्गीत, ताल, लयकी श्रोत स रे ग म प ध नि सं देखि नृत्यकला, कार्यकुशलता, ज्ञानको भण्डार, वास्तुकला, शिल्पी, प्रविधि, हातको सीप, वाणीको माधुर्य, गला र कलाको आकर्षणको केन्द्र र निरन्तर साधनाबाट साध्य प्राप्तिमा प्रेरित गर्ने सरस्वतीका विभिन्न साधना र पूजाका विधान छन्। बौद्धधर्मीहरूले उनैलाई मञ्जुश्री का नामले चिन्दछन् भने उनका विभिन्न स्वरूपका चिन्तन गर्दै बालबालिका अक्षरम्भ गर्छन् भने बुद्धिजीवीहरू विशेषज्ञता प्राप्त गर्ने प्रयास गर्छन्। वाहन राजहंसले दूध र पानीलाई सहजै छुट्याउन सके झैँ ठीक वा बेठिकको सही पहिचानको ज्ञान, बुद्धि, संयम र विवेक प्रदायिनी देवी सरस्वतीको कृपा प्रसादबाटै मानव मस्तिष्कको अथाह ज्ञान प्रयोग गर्दै आजको संसार विज्ञानमय बनेको छ र सर्वसुलभ सुविधा प्राप्त गरेको छ। संस्कार, सभ्यता र संस्कृतिकी श्रोत महादेवी सरस्वती जयन्तीका दिन नाक, कान, छेड्ने देखि अन्य उद्यमशीलताका कार्यहरू आरम्भ गर्दा कुनै साइत जुराउनु पर्दैन। विद्यार्थीहरू घरै बसेर पनि सरस्वती साधना गर्छन् भने विद्यालय, महाविद्यालय वा आफ्ना पराक्रम स्थलहरूमा वा मन्दिर विशेषमा उनको उपासना गर्ने गर्छन्। धातु या मूर्तिमा वा प्रतिमा या उनका चित्र अङ्कति फोटोहरू सजाएर आफ्नो साधनालाई निरन्तरता दिने सन्दर्भमा साधकहरू देवीलाई मनपर्ने दही, दूध, घ्यू, मह, चिनी, नैवेद्यहरू, फलफूल, मिठाई, कपुर, वस्त्र, भेटी, चन्दन, अगरु, बेल, मूला, लड्डु नरिवल आदि अर्पण गर्ने गर्छन्। उत्साह, लगनशीलता र अथक प्रयासलाई नै सफलताको प्रेरक मान्ने देवी विद्याकी खानी नै हुन्।

सबैभन्दा उत्तम धन भनेको विद्या नै हो जसका धेरै प्रकार छन्। जसमध्ये चार वेद, चार उपवेद, सयौं वेदाङ्गहरू, शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्योतिष, मीमांसा, न्याय, धर्मशास्त्र, अठार पुराण, अठार उपपुराण, पञ्चमवेद, महाभारत, आयुर्वेद, धनुर्वेद, गान्धर्व वेद, स्थापत्यवेद (वास्तुशास्त्र) र अर्थशास्त्र प्रमुख छन्। विद्या प्रकाश हो, अविद्या अँध्यारो, अज्ञानताको पर्दा नउघारी भक्तिको उदय सम्भव हुन्न, भक्तिमा ज्ञान र वैराग्यको क्षमता हुन्छ। भक्ति र शक्तिको सङ्गम भए विद्या विज्ञान बन्न पुग्छ र यसको सदुपयोग हुन्छ। विद्याहीन व्यक्ति भाग्यबाट पनि टाढा रहन्छ। नैतिकता, लज्जा, त्याग, सेवा र समर्पण भाव नै विद्याका गहनाहरू हुन्।

नेपालमा सरस्वती पूजा

सरस्वतीका प्रसिद्ध पीठहरू मध्ये काठमाडौं उपत्यकामा जय वागीश्वरी, स्वयम्भूमा मञ्जुश्री, हाँडीगाउँ, बल्खु, गैह्रीधारा, भक्तपुर जिल्लाको थाकलमाठको सरस्वती मन्दिर र हनुमानघाटको नीलसरस्वती ललितपुरको लेलेस्थित सरस्वती मन्दिरहरूमा सरस्वती जयन्तीका दिन विशेष भीड लाग्ने गर्दछ। तराई क्षेत्रमा प्रत्येक विद्यालयहरुमा माटाका सरस्वती मूर्ति बनाई पूजा गर्ने चलन छ भने कतिपयै विद्यार्थी, प्राध्यापक लगायतले घरमा पनि माटोको मूर्ति बनाई प्राण प्रतिष्ठा गरी धूमधाम पूजा गरीन्त भने कतिपयले सरस्वतीको स्वरुप फोटो घरमा झुण्डियाएर पुजा गर्ने प्रचलन रहेको छ। सरस्वती पूजापाठ गरी अर्को दिन बाजागाजा गरी जलाशयमा बिसर्जन गर्ने चलन रहको छ। श्रीपञ्चमीका दिन कामदेव र रतीको पनि पूजा गरिन्छ। वसन्तका प्रतीक कामदेव र उनकी स्त्री रतीको विशेष स्मरण गर्ने दिन वसन्तको आगमन उत्सव वसन्त राग गाउने पनि चलन रहेको छ। प्राचीन कालमा नेपालमा वेदांग ज्योतिषका आधारमा काल गणना गरिन्थ्यो, लसायन मकर संक्रान्तिको नजिक पर्ने शुक्ल पक्ष प्रतिपदाबाट वेदोक्त तपोमास (आर्तव माघमास) मानिन्थ्यो, प्रत्यक्ष सौर उत्तरायण आरम्भ हुने दिनबाट सौरवर्ष आरम्भ मानिन्थ्यो, यसो हुँदा पनि उत्सवहरू चान्द्रवर्षका आधारमा मानिन्थ्यो, पछि निरयणवादको अवधारणा विकशित भयो, वैदिक ज्योतिष गणितबाट सिद्ध जो दृक्सिद्ध सायनवादलाई पाखा लगाउने काम भयो, यही सायन र निरयणको तालमेल मिलाउन न सक्दा आज माघै महिना मै वसन्त पञ्चमी पर्व आउने भयो वैदिक काल गणनाका आधारमा चान्द्र वर्ष मान्दा आज पनि वसन्त ऋतु मै वसन्तपञ्चमी आउने गर्दछ, चान्द्रऋतु क्रममा दोस्रो ऋतु वसन्त आगमनको पाँचौं दिनलाई उत्सवको रूप दिन तथा शृङ्गारिक बनाउन वसन्त रागले प्रेरणा दिन्छ।

लगभग २००० वर्ष यताको काल गणनाको विग्रँदो स्थिति अँझै न सुधार्ने हो भने पछि गएर दुई ऋतुको फरक पारी वसन्तोत्सव मनाउने दिन न आउला भन्न सकिदैंन्र वर्तमान सरकारी पञ्चांग निर्णायक समितिद्वारा निर्णित तिथि मिति करीव एक महिना जति फरक परेको वास्तविकता त नेपाल सरकारले पर्वसुधार आयोग गठन गरी पर्व सुधार गरेर क्यालेण्डर निर्माण गरी प्रचार प्रसार गरेको कुराबाट पनि बुझ्न सकिन्छ, अब यस तर्फ सबैको घ्यान जानु जरुरी छ काव्यविनोदी, स्रष्टा, सर्जक,

वांकी अन्तिम पेजमा...

## स्वास्थ्य

# कोरोना भाइरस : लक्षण के हो ? कसरी बच्ने ?

## रुघाखोकीको लक्षण देखिए सर्तक रहनुपर्छ

उत्तरी छिमेकी चीनमा यतिबेला ‘कोरोना भाइरस’ ले त्रासदी फैलाएको छ। यो भाइरसका कारण त्यहाँ कतिपयको मृत्यु समेत भइसकेको छ। भाइरसले सैयौं प्रभावित छन्। भाइरसबाट थप क्षति नहोस् भनेर उच्च सर्तकता अपनाएको छ।

यो भाइरस चीनको बुहानबाट सुरु भएर बेइजिङ, मकाउ, ताइवान हुादै धेरैतिर फैलिदैछ। अमेरिका, अष्ट्रेलिया, थाइल्यान्ड, दक्षिण कोरियासम्म फैलिएको छ। भाइरस फैलिएपछि विश्वभरकै विमानस्थलमा सावधानी अपनाउन थालिएको छ।

के हो त कोरोना भाइरस ?

जनवारबाट सर्ने एक रहस्यमयी भाइरस हो यो। यो भाइरस गएको डिसेम्बरमा पत्ता लागेको थियो। कोरोना भाइरस विभिन्न प्रकारका छन्। यसअघि ६ प्रकारको भाइरस मात्र मान्छेमा संक्रमण हुन्छ भनिन्थ्यो। अहिले भने त्यसभन्दा फरक नयाँ प्रकारको कोरोना भाइरस फैलिएको हो।

यसले मान्छेमा संक्रमण गर्ने क्षमता अरु कोरोना भाइरस भन्दा तिब्र एवं धेरै छ। स्वास्थ्य विशेषज्ञहरुले यो निकै भयानक रहेको बताइरहेका छन्।



कसरी थाहा पाइन्छ ?

जाडोको मौसम छ। यतिबेला रुघाखोकी लाग्नु सामान्य मानिन्छ। जबकी कोरोना भाइरसले संक्रमण गरिसकेपछिको सुरुवाती लक्षण पनि यस्तै हुन्छ। त्यसैले यसबाट कतिपय झुक्किन सक्छन्। रुघाखोकी जस्तै लागेपनि यो सामान्य रुपमा रहँदैन। त्यसपछि क्रमस उच्च ज्वरो आउाछ, टाउको दुख्छ, सास फेर्न गाह्रो हुन्छ। कतिपय अवस्थामा यसबाट मृत्यु समेत हुन्छ।

यसको डरलाग्दो पक्ष के भने, यो भाइरस एउटा प्रजातिको जीवबाट अर्कोमा सजिलै सर्छ। यसरी सर्दैसर्दै मान्छेसम्म पुग्छ।

कसरी सुरक्षित रहने ?

यसबाट सुरक्षित रहनु भनेको अहिलेको अवस्थामा सजग र सतर्क रहनु नै हो। रुघाखोकी लागेको व्यक्तिको सोझो सम्पर्कमा नरहने, भिडभाडमा सावधानी अपनाउने, सरसफाईमा विशेष ध्यान दिने नै हो।
अनलाईनवाट

## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो। जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले।
- विवाह दर्ता, पति-पत्नी दुवैले।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले।

केराबारी गाउँपालिकाको कार्यालय मोरंग